# नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेड
## तेश्रो बार्षिक साधारण सभाको
## कामकारवाहिको विवरण (माइन्यूट)

१. **वैधानिक सभा:**
नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेड को २०५७ साल पौष २४ गते वसेको संचालक समितिको निर्णयानुसार बोलाइएको यो तेश्रो बार्षिक साधारणसभा संचालक समितिका अध्यक्ष श्री जगदीश प्रसाद अग्रवालज्यू को सभापतित्वमा देहाय वमोजिम सु-सम्पन्न भयो ।

२. **सभाको मिति, स्थान र समय:**
मिति: २०५७ चैत्र ८ गते बुधवार (२१ मार्च २००१)
स्थान: बीरेन्द्र सभागृह, बिराटनगर
समय: अपरान्ह २ बजे देखि राती ९.३० बजे सम्म ।

३. **उपस्थिति:**
संचालकहरुको उपस्थिति:

| | | |
|---|---|---|
| (क) श्री जगदीश प्रसाद अग्रवाल | – | अध्यक्ष |
| (ख) श्री लोकमान्य गोल्छा | – | संचालक |
| (ग) श्री बासुदेव गोल्याण | – | संचालक |
| (घ) श्री तुलसीराम अग्रवाल | – | संचालक |
| (ङ) श्री रामशरण न्यौपाने | – | संचालक (प्रतिनिधि राष्ट्रिय वाणिज्य बैंक) |
| (च) श्री सुभाष चन्द्र संघई | – | निवर्तमान संचालक |
| (छ) श्री निर्मल कुमार अग्रवाल | – | निवर्तमान संचालक |

पर्यवेक्षकको उपस्थिति:

| | | |
|---|---|---|
| (क) श्री विनोदराज आचार्य | – | प्रतिनिधि नेपाल राष्ट्रबैंक |
| (ख) श्री अशोक कुमार अग्रवाल | – | कर्पोरेट एडभाइजर |

पदाधिकारीहरुको उपस्थिति:

| | | |
|---|---|---|
| (क) श्री के. आर. अय्यर | – | प्रमुख कार्यकारी अधिकृत |
| (ख) श्री रत्नराज बज्राचार्य | – | लेखापरीक्षक |
| (ग) श्री भरत उप्रेति | – | कानूनी सल्लाहकार |
| (घ) श्री श्याम सापकोटा | – | कम्पनी सचिव |

४. **सभाको सूचना:**
तेश्रो वार्षिक साधारण सभा बस्ने बारेको सूचना, वार्षिक प्रतिवेदन तथा वासलात, नाफा-नोक्सान हिसाब र नगद-प्रवाह विवरण शेयरधनीहरुको उपलब्ध व्यक्तिगत ठेगानामा पठाउनु का साथै, क्रमश: गोरखापत्र र कान्तिपुर दैनिक मा क्रमश: फाल्गुण १४ र १७ गते प्रकाशित गरी शेयरधनीमहानुभावहरुलाई सार्वजनिक रुपले समेत सूचित गरिएको थियो ।

५. सभामा भएका छलफलका बिषयहरु:

(क) तेश्रो वार्षिक साधारण सभाको लागि संचालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन ।

(ख) लेखापरीक्षकको प्रतिवेदनसहित २०५७ साल आषाढ मसान्तको वासलात, २०५६/४/१ देखि २०५७/३/३१ सम्मको नाफा-नोक्सानं हिसाब र सोही अवधिको नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने ।

(ग) आर्थिक वर्ष २०५७/५८ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (वर्तमान लेखापरीक्षक श्री रत्नराज बज्राचार्य पुन: नियुक्त हुन सक्नु हुनेछ ) ।

(घ) बैंकको प्रबन्धपत्रको दफा ६ (५) संशोधन गर्ने ।

(ङ) तेस्रो वार्षिक साधारणसभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्नको लागि शेयरधनीहरु र सञ्चालकहरुको तर्फबाट एक- एक जना प्रतिनिधि नियुक्त गर्ने ।

(च) समूह ख का सर्वसाधारण शेयरवालाहरुको तर्फबाट प्रतिनिधित्व गर्ने २ जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

(छ) विविध ।

६. शेयरधनीहरुको उपस्थिति:

| कुल शेयरधनी संख्या | स्वयं उपस्थित | प्रतिनिधिपत्र द्धारा उपस्थित | जम्मा उपस्थित | बिकि भएको शेयरको सभामा प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|
| ३८३७८ (क–ख समूह) | १४८ | ३७८१ | ३९२९ | ७२.१६ |

७ गणपूरक संख्या एवम् वैधानिकता:

सभाको प्रारम्भमा कम्पनी सचिवले यस साधारण सभा प्रचलित ऐन–कानून वमोजिम बोलाइएको र सभा संचालन गर्न वाणिज्य बैंक ऐन २०३१ को दफा ११ को उपदफा (५) बमोजिम आवश्यक गणपूरक संख्या पुगेको जानकारी सभालाई अवगत गराउनु हुँदै, आजको यस सभाको सभापतित्व गरी दिन संचालक समितिका अध्यक्ष श्री जगदीश प्रसाद अग्रवाल ज्यू लाई अनुरोध गर्नु भयो । यसरी आवश्यक गणपूरक संख्या विद्यमान रहेको र प्रचलित कानूनको पालना भएको हुंदा कम्पनी ऐन २०५३ को दफा ५६ का अधिन सभा विधिवत प्रारम्भ भयो ।

८. सभाको सभापतित्व, सभा संचालन र प्रतिवेदनको प्रस्तुति:

सभाका सभापति श्री जगदीश प्रसाद अग्रवालज्यू ले वार्षिक साधारणसभामा उपस्थित हुनु भएका सम्पूर्ण शेयरधनीमहानुभावहरुको हार्दिक स्वागत गर्दै सभाको कामकारवाही आगाडी वढाउनु भयो । प्रथमत् सभापतिज्यूले आ.व. २०५६/०५७ को संचालक समितिको प्रतिवेदन सभामा पढेर सुनाउनु भयो । त्यसपछि लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०५६/०५७ को नाफा–नोक्सान हिसाब र वासलात छलफलका लागि सभामा प्रस्तुत गर्नु भयो । यसै कममा निम्नलिखित शेयरधनीमहानुभावहरुले जिज्ञासा, प्रश्न, सुझाव तथा मन्तव्य सभामा प्रस्तुत गर्नु भयो ।

१. श्री अमृतनाथ रेग्मी २. श्री भगवती प्र. अगरवाल ३. श्री लभराज जोशी ४. श्री एम. वी थापा ५. श्री पूर्णमानसिंह डंगोल ६. श्री सज्जन कुमार अग्रवाल ७. श्री कृष्ण कुमार अग्रवाल

९. सभामा उठेका प्रश्न तथा जिज्ञासाहरुको प्रत्युत्तरको प्रस्तुतिकरण:

सभामा ब्यक्त जिज्ञासाहरुको सिलसिलामा शेयरधनीमहानुभावहरुले बैंकको काम कारोवार एवम् उपलब्धी प्रति छलफल गर्दै प्रेरणादायि एवम् रचनात्मक बहुत राम्रा राम्रा प्रश्न गरेर जुन चिन्तन

एवम् मनन गर्ने मौका दिनु भयो सो का लागि धन्यवाद दिनु हुँदै सभाका सभापति श्री जगदीश प्रसाद अग्रवालज्यूले शेयरधनीहरुबाट व्यक्त सुझावहरुले भविष्यको लागि मार्गदर्शन गर्ने मनसाय प्रकट गर्नु भयो र देहाय वमोजिम समूहगत जवाफ दिनु भयो ।

**जिज्ञासाहरु:**

१. **भविष्यमा मुनाफा मध्ये बाट वोनस शेयर दिने तर्फ बैंकको के रणनीति छ ?**

– बैंकको हालको चुक्ता पूँजी तथा जगेडा कोषमा रहेको रकमलाई ध्यानमा राख्दा वोनस शेयर दिने हाल योजना न रहेको जानकारी गराइयो ।

२. **नाफा–नोक्सान हिसावमा देखाइएको अन्य कर्मचारी खर्च कस्तो खर्च हो ? बताइ दिनु पर्‍यो ।**

– बैंकमा कार्यरत कर्मचारीहरुको औषधी उपचार खर्च र दशै बिदामा अतिरिक्त काउण्टर चालू राख्दा भएको कर्मचारी सम्बन्धी खर्च हो ।

३. **बैंकले आफ्नै जग्गा र भवन खरीद गर्ने तर्फ के गर्दै छ ?**

– बैंकको आय आर्जनको मुख्य श्रोतनै निक्षेप, शेयर पूँजी र जगेडाकोष हुंदा भवन जग्गाको लगानीमा आफ्नो श्रोतनै अनुत्पादक BLOCK हुने भएकोले हाल तत्कालै जग्गा भवन खरीद गर्ने योजना नरहेको ।

४. **चालु आ.व. को अर्द्धवार्षिक (पौष मसान्तसम्म) को स्थितिके छ ? प्रकाश पारीदिनु पर्‍यो ।**

– उक्त अवधि सम्ममा बैंकको कूल निक्षेप रु.२.७९ अरब, कूल कर्जा सापट रु. २.३७ अरव र संचालन मुनाफा रु. ५.१० करोड रहेको छ ।

५. **संचालक समितिको बैठक भत्ता बृद्धि गर्दै अध्यक्षको रु. ५५००/– र सदस्यको रु. ५०००/– गर्नु पर्‍यो ।**

– अहिलेको तिव्र प्रतिस्पर्धि बैंकिङ्ग वातावरणमा शेयरधनीमहानुभावहरुलाई लगानीको प्रतिफल दिने पहिलो प्रयास रहेकोले संचालक समितिको बैठक भत्ता बृद्धि गर्ने योजना नभएको ।

६. **प्रमुख कार्यकारी अधिकृतको नियुक्ति, पारिश्रमिक, सुविधा आदि साधारण सभाबाट पारित गराउन पर्छ पर्दैन् ? स्पष्ट गरि दिनु पर्‍यो ।**

– प्रमुख कार्यकारी अधिकृत संचालक नभएकोले, बैंकको नियमावलिमा भएको व्यवस्था बमोजिम उहाको नियुक्ति, पारिश्रमिक, सुविधा, सेवा शर्त आदि संचालक समितिले नै तय गर्न सक्ने व्यवस्था रहेको ।

७. **वासलातमा देखाइएको ग्राहक मंजुरी दायित्व (उतासमान) के कस्तो रकम हो ?**

– आवधिक प्रतितपत्रको भुक्तानी म्याद नपुगेकोले, भुक्तानी पठाउन बाकी रकमलाई यस शीर्षक अन्तर्गत देखाइएको हो ।

८. **बैंकका शाखाहरु क्रमश: बढदै छन् । आन्तरीक लेखापरीक्षणको व्यवस्था छ कि छैन ?**

– यस विषयलाई निकै महत्व दिई बैंक व्यवस्थापनले आन्तरीक लेखापरीक्षण विभागको व्यवस्था गरि सकेको छ ।

९. **बिदेशमा गएर रोजगार गरी नेपाल रकम पठाउन चाहने प्रवासी नेपालीहरुको लागि केही व्यवस्था यस बैंकले गरेको छ कि छैन ?**

– यस तर्फ सम्बन्धित निकायहरु संग अन्तिम चरणको कामकारवाही चलिरहेको छ । हाल तत्काल पनि एजेन्सी बैंक मार्फत रकमान्तर गरी रकम पठाउन सकिने व्यवस्था रहेको छ ।

१०. **बैंकका कर्मचारीहरुको तालिम सम्बन्धमा बैंकले अपनाएको नीति के कस्तो रहेको छ ?**

– बिभिन्न निजि संस्थाहरु र नेपाल राष्ट्रबैंकले आयोजना गर्ने समसामयिक तालिमहरुमा सहभागी गराउने, उच्चस्तरीय तालिमका लागि बिदेश पठाउने र आन्तरिक तालिमको नीति लिएको छ ।

११. <u>अन्य दायित्व अन्तर्गत देखाइएको हर्जाना व्याज व्यवस्था कस्तो रकम हो ?</u>
– प्राथमिकता तथा विपन्न वर्ग कर्जामा नपुग रकममा लागेको हर्जाना व्याज हो ।

१२. **<u>साधारणसभा यति ढिलो हुनुको कारण के हो ?</u>**
– सर्वसाधारणमा शेयर निष्काशन भएपछिको पहिलो साधारणसभा भएको र यसै सभाबाट दुइजना संचालकहरुको निर्वाचन समेत सम्पन्न गर्नु परेकोले करीव चालिस हजार शेयरधनीहरुको मतदाता नामावलि तयार गर्न र अन्य औपचारिकता पुरा गर्न केही बढी समय लाग्न गयो, तापनि कम्पनी ऐन २०५३ ले तोकेको अधिकतम समय सिमा (चैत्र मसान्त) भित्रै साधारणसभा सम्पन्न भएको छ । आगामी बर्षहरुमा आ.व. समाप्त भएको १८० दिन भित्रै साधारणसभा सम्पन्न गराउन बैंक व्यवस्थापन पूर्ण प्रयासरत रहने छ ।

१३. **<u>प्रबन्धपत्रको दफा ६ (५) पूर्णरुपमा खारेज गर्नुको सट्टा परिमाण घटबढ गर्दै आंशिक बन्देज को व्यवस्था हुनु पर्‍यो ।</u>**
– यो बिषय यसै सभामा छलफलका बिषय सूचीमा समावेश भई प्रस्तावको रुपमा प्रस्तुत भएकोले सभाको निर्णयलाई स–सम्मान स्विकार गर्ने जानकारी गराइयो ।

१४. **<u>आगामी दिनहरुमा यस बैंकको नयाा शेयर निष्काशन हुन्छ कि हुदैन् ?</u>**
– प्रबन्धपत्र–नियमावलिमा व्यवस्था भए बमोजिम बैंकको कूल जारी पूंजी रु.५० (पचास) करोडको शेयर निष्काशन भइ सकेकोले तत्कालै शेयर निष्काशन नहुने जानकारी गराइयो ।

१५. **<u>Correspondence (एजेन्सी) बैंकसंगको सम्बन्धमा बैंकको नेटवर्क कस्तो छ ?</u>**
– हाल यस बैंकको अमेरिकाको Citibank N.A., American Express Bank Ltd., जर्मनीको Dresdner Bank A.G. भारतको छैठौं नम्बरमा आउने पाँच हजार भन्दा बढी शाखाहरु भएको Canara बैंक संग एजेन्सी सम्बन्ध रहेको छ ।

१६. **<u>बैंकमा के कस्तो सुरक्षा व्यवस्था छ ?</u>**
– बैंकले नगद सम्पति को सुरक्षाको लागि बिशेषरुपले सुरक्षित ढुकुटीको व्यवस्था गरेको छ । तुलनात्मक रुपमा सुरक्षित स्थानहरुमा बैंकका शाखाहरु अवस्थित छन् । सेक्यूरीटी सेवा लगायत बैंकले आफ्नो सम्पतिको बीमा समेत गरेको छ ।

१७. **<u>यस बैंकले कस्तो आधुनिक उपकरण/प्रविधि प्रयोगमा ल्याएको छ ?</u>**
– हाम्रा सबै शाखाहरु कम्प्यूटराइज्ड र फ्याक्स, इमेल जडित छन् । बिदेशी बिनिमय कारोवारको लागि Reuters बाट Business watch को सेवाको लागि करार गरिएको छ । ABBS सेवा शुरु गरिएको छ । Electronic Banking को सुविधालाई सबै शहरी शाखाहरुमा पुर्‍याउने कार्य अन्तिम चरणमा छ ।

१८. **<u>किस्ता बुझाउन बाँकी शेयरधनीहरुको रकम जफत नगरी पुन: मौका प्रदान गरियोस ।</u>**
– किस्ता बुझाउन बाँकी शेयरधनीहरुको हकमा उहाँहरुले जम्मा गर्नु भएको रकमको हदसम्म शेयर कायम गरी बाँकी शेयर नियमानुसार जफत गर्ने तर्फ कार्यवाही चलाइने छ ।

१९. **<u>शेयरधनीको नामसारी प्रकिया अन्य बैंकहरुको तुलनामा ढिलो पाइएको छ, यसलाई समाधान तर्फ के गरिरहेको छ ?</u>**
– बैंकले प्रत्यक्षरुपमा आफैले शेयर दाखेला खारेज गर्ने न भई शेयर दलाल, नेपाल धितोपत्र विनिमय बजार लि., बैंकको आधिकारीक रजिष्ट्रार एनआइडीसी क्यापिटल मार्केट्स लि. आदि निकाय हुँदै अन्तिम अनुमोदनका लागि बैंक लाई प्राप्त हुने गर्दछ र प्रकृयागत औपचारिकताले गर्दा केही समय लाग्नु स्वाभाविकै हो । तथापी शेयर दाखेल–खारेज प्रकृयालाई यथाशक्य चाडै भन्दा चाडै टुंग्याउन बैंकले सत्त प्रयास गर्ने छ ।

२० <u>बैकको वार्षिक साधारणसभा शुकवार वा बिदाको दिन बोलाउने व्यवस्था हुनु पर्‍यो ।</u>

– यस तर्फ बैक व्यवस्थापनको ध्यानाकर्षण भएको छ ।

२१. <u>बैकले केडिट कार्ड, भिसाकार्ड एटीएम आदि सेवा कहिले देखि प्रचलनमा ल्याउने हो ? जानकारी दिनु पर्‍यो ।</u>

– यस्ता सेवा उपभोग गर्न चाहने ग्राहक संख्या, संभाव्यता आदि को अध्ययन गरे पछि मात्र सेवा उपलब्ध गराउने तर्फ बिचार गरिने छ ।

<u>सुझाव एवम् मन्तव्य:</u>

(क) समष्टीगत रुपमा हेर्दा कम्पनीलाइ एउटै शब्दमा Evaluation गर्न सकिन्छ **"हुने विरुवाको चिल्लोपात"** अथवा **Light in the Tunnel.**

(ख) प्रतिवेदनको गेटअप लाइ सुधार गर्नु पर्‍यो अलिकति Spacious बनाउनु पर्‍यो ।

(ग) अध्यक्ष ज्यू को प्रतिवेदनमा, शेयरहोल्डरहरुले चाहने जिज्ञासाहरुलाई प्रष्टरुपमा उल्लेख गरेको पाइन्छ ।

(घ) बैंकको प्रगति समिक्षा गर्दा विवरणपत्रमा व्यक्त गरिएको प्रतिवद्धतालाई बैंकले पुरा गरेको पाइन्छ । व्यवस्थापनको सहि छनौटको लागि धन्यवाद दिनै पर्छ ।

(ङ) यस बैकमा देखिएको अपार जनसहभागिता र जनविश्वास लाई हेर्दै, संचालक समितिले आफ्नो छवि (Image) अक्षुण राख्नका लागि पनि भविष्यमा नाफा आर्जन गरेर शेयरधनीलाई लाभांश दिनेछ भन्ने विश्वास लिएका छौं ।

(च) आगामी दिनहरुमा आर्थिक वर्ष समाप्त भएको ६ महिना भित्रै साधारणसभा गराउनु हुनेछ भन्ने आशा गरेका छौं ।

(छ) लगानी गर्न जति सजिलो छ, असुली गर्न त्यतिकै गाह्रो हुन्छ, अत: सुरक्षित र भरपर्दो आधारले मात्र लगानी गर्नु पर्‍यो ।

(ज) कर्मचारी बैंकका एउटा Asset र सवल पक्ष भएकोले उनिहरुको मनोवल सधै उच्च राख्ने तर्फ बिचार गर्नु पर्‍यो ।

(झ) सर्वसाधारण तर्फबाट प्रतिनिधित्व गर्नु हुने संचालकहरुको गहन जिम्मेवारी र उत्तरदायित्व हुने तथा समय सापेक्ष नीति निर्धारण गर्नमा उहाँहरुको योगदान महत्वपूर्ण हुने हुँदा बैंकको सर्वोतोमुखी विकासका लागि तयार रहनु पर्‍यो ।

(ञ) केही अन्य बैंकहरुमा भएका ठगी र धोखाघडीका घटनाबाट शिक्षा लिदै पूर्ण सुरक्षित तवरले कार्य गर्नु पर्‍यो ।

(ट) Non-funded Business पनि गराउन पर्‍यो । नेपाल राष्ट्रबैंकले निर्धारण गरेको शर्त र परिधिभित्र रहि प्राथमिकता प्राप्त क्षेत्र र विपन्न वर्गका लागि लगानी गर्दै सामाजिक उत्तरदायित्व समेत वहन गर्नु पर्‍यो ।

(ठ) बैंकको कूल निक्षेप, कर्जा र मुनाफाको प्रतिशत सह्रानिय छ । आउँदा दिनहरुमा समेत बैंक यसै गरी अगाडी बढदै जाओस, शुभकामना सहित सम्पूर्ण कर्मचारीहरुको अभिनन्दन गर्न चाहन्छु ।

(ड) कर सम्बन्धी झै झमेला आउन नदिन, आयकर को व्यवस्था गरेको आधारमा नै आयकर निर्धारण आदेश लिन पर्‍यो ।

(ढ) दोस्रो व्यवसायिक वर्षको उपलब्धी लाई बिचार गर्दा आगामी चौथौ वार्षिक साधारणसभामा कम्तीमा १०% लाभांश दिन सक्ने छ भन्ने आशा गरेका छौं ।

(ण) शेयर खरीद बिकीको काम कारोवार स्टक एक्सचेन्ज काठमाण्डौंमा मात्र केन्द्रीत रहेकोले संभव छ भने यस बैक मार्फत समेत शेयर खरीद बिकीको सुविधा उपलब्ध गराइयोस ।

१०. सभाको निर्णय:

(क) छलफलको लागि सभामा प्रस्तुत बिषय सूचीको (क) बमोजिम संचालक समितिको प्रतिवेदन उपर छलफल भइसकेकोले सो लाई पारित गरियोस भनि सभापतिज्यूले निर्णयार्थ राख्नु भएको प्रस्ताव सभाले ध्वनी मतका साथ सर्वसम्मतिले पारित गर्‍यो ।

(ख) बिषय सूचीको (ख) बमोजिम लेखापरीक्षकको प्रतिवेदन सहितको २०५७ साल आषाढ मसान्तको वासलात र २०५६/४/१ देखि २०५७/३/३१ सम्मको नाफा–नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरणलाई पारित गरियोस भनि सभापतिज्यूले प्रस्ताव राख्नु भएपछि छलफल पश्चात सभाले ध्वनी मतका साथ सर्वसम्मतिबाट पारित गर्‍यो ।

(ग) बिषय सूचीको (ग) बमोजिम आर्थिक वर्ष २०५७/०५८ का लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने प्रस्तावमा छलफल हुँदा बहालवाला लेखापरीक्षक श्री रत्नराज बज्राचार्य, आर.बज्राचार्य एण्ड कम्पनी लाइ नै पुन: नियुक्ति गर्ने र पारिश्रमिकको हकमा साविकमा तोकिएको रकम रु.८०,०००/– मा दश प्रतिशतले बृद्धि गरि प्रदान गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

(घ) बिषय सूचीको (घ) बमोजिम बैंकको प्रबन्धपत्रको दफा ६ (५) संशोधन गर्ने प्रस्ताव सम्बन्धमा हाल भइरहेको व्यवस्थाको सट्टा संलग्न अनुसूचीमा उल्लेख भए बमोजिम को संशोधित व्यवस्था गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

(ङ) बिषय सूचीको (ङ) बमोजिम तेस्रो बार्षिक साधारण सभाको निर्णयपुस्तिकामा हस्ताक्षर गर्नका लागि शेयरधनीहरुको तर्फबाट श्री लभराज जोशी तथा संचालकहरुको तर्फबाट श्री बासुदेव गोल्याण लाई प्रतिनिधि नियुक्त गर्ने निर्णय सर्वसम्मतिबाट पारित भयो ।

(च) अन्तिम कार्यक्रम निर्वाचनको रहेकोले, विविध अन्तर्गत संस्थापक शेयरधनी श्री त्रिलोक चन्द्र अग्रवाल र श्री पवन कुमार गोल्याणले सभामा निर्णयार्थ प्रस्तुत गर्नु भएको बिषयमा कम्पनी ऐन २०५३ को दफा ५४ को उपदफा ३ (क) र बैंकको नियमावलिको नियम १० को उपनियम ८ (क) मा भएको व्यवस्था बमोजिम छलफलका लागि सभापति ज्यूले उक्त प्रस्ताव सभा समक्ष प्रस्तुत गर्नु भएपछि सभाले ध्वनी मतका साथ सो बिषयमा निर्णय लिने पक्षमा सर्वसम्मति व्यक्त गर्दै प्रबन्धपत्रको दफा ६ (१) मा उल्लेखित <u>धितो बन्धक</u> र दफा ६ (१घ) मा उल्लेखित <u>राष्ट्र बैंकको स्वीकृति नभएको</u> भन्ने वाक्यांश हटाई संलग्न अनुसूची बमोजिमको संशोधित दफा ६ (१) कायम राख्ने निर्णय भयो ।

**<u>संचालकहरुको निर्वाचन</u>**

(छ) बिषय सूचीको (च) बमोजिम समूह "ख" का सर्वसाधारण शेयरवालाहरुको तर्फबाट प्रतिनिधित्व गर्ने दुइ जना संचालकहरुको निर्वाचन गर्ने प्रस्तावका सम्बन्धमा निर्वाचन कार्यका लागि नियुक्त निर्वाचन अधिकृत श्री उदय प्रसाद ओझाले निर्वाचनका लागि पूर्व प्रकाशित कार्यक्रम अनुसार ५ जनाले उम्मेदवारी दिनु भएकोमा श्री भगवती प्रसाद अगरवाल ले अन्तिम समयमा उम्मेदवारी फिर्ता लिन निवेदन दिनु भएको र बैंकको संचालक समितिको अध्यक्षबाट स्विकृत भएको हुँदा बाँकी ४ जना प्रत्याशीहरु श्री राजेन्द्र अर्याल, श्री रमेश कोइराला, श्री पूर्णमानसिंह डंगोल र श्री डिल्ली खड्गा का बिच निर्वाचन हुने कुरा सभामा जानकारी गराउनु भयो । श्री ओझाले निर्वाचन कार्यविधि निर्देशिकाका अधिन निर्वाचन सम्बन्धि केही सामान्य जानकारीहरु संक्षेपमा सभामा पढेर सुनाउनु भयो र मतदानको लागि सोही दिन बेलुका ५ बजे देखि ७ बजे सम्म लाइनमा बसी सक्नु पर्ने गरी समय तोकिएको जानकारी गराउनु भयो ।

निर्वाचन परीणामको घोषणा:

मतदान समाप्त भएपछि मतगणनाको कार्य राति ८.३० तिर पुरा भयो । निर्वाचन अधिकृतले मञ्चबाट संचालकहरुको निर्वाचन परिणामको औपचारिक घोषणा गर्नू भयो जसअनुसार कूल खसेको सदर मत मध्ये श्री डिल्ली खड्काले ५८९०, श्री पूर्णमान सिंह डंगोलले १,८३,५३०, श्री रमेश कोइरालाले २,५१,५६० र श्री राजेन्द्र अर्यालले २,७४,७२० मत प्राप्त गर्नु भएको जानकारी गराउनु भयो । यसरी सर्वसाधारण शेयरधनीहरुको तर्फबाट सबै भन्दा बढी मत ल्याई क्रमश: श्री राजेन्द्र अर्याल र श्री रमेश कोइराला निर्वाचित हुनु भएको घोषणा गर्नु भयो र उहाँहरुलाई संचालक पदमा निर्वाचित हुनु भएको प्रमाणपत्र प्रदान गर्नु भयो । यसै क्रममा निर्वाचन अधिकृतले निर्वाचन कार्यक्रम सुचारु संचालन गर्नमा आवश्यक सहयोग पुऱ्याइदिने बैंक व्यवस्थापन, आफ्ना सहयोगीहरु लगायत अन्य प्रत्याशी एवम् शेयरधनीहरुलाई धन्यवाद दिनु भयो ।

११. अभिवादन एवम् आभार व्यक्त:

तत्पश्चात नव निर्वाचित संचालकहरुलाई मञ्चमा आसन ग्रहण गर्न अनुरोध गर्दै बैंकको संचालक पदमा निर्वाचित हुनु भएकोमा सभापतिज्यू लगायत संचालक समितिका अन्य सदस्यहरु, निवर्तमान संचालकहरु, शेयरधनीहरु तथा बैंकका बरिष्ठ पदाधिकारीहरुले नवनिर्वाचित संचालकहरुलाई हार्दिक बधाई ज्ञापन गर्नु भयो । नव निर्वाचित संचालकहरुले आ–आफ्नो मन्तव्य ब्यक्त गर्दै, आफ्नो मत प्रदान गरी दिइ संचालक पदमा बिजयी गराइ दिनु भएकोमा सम्पूर्ण शेयरधनीहरुमा हार्दिक आभार ब्यक्त गर्नु भयो ।

यसै सन्दर्भमा सभापतिज्यूले "क" समूहका संस्थापक शेयरवालाहरुका तर्फबाट प्रतिनिधित्व गरिरहनुभएका निवर्तमान संचालकहरु श्री सुभाष चन्द्र संघई र श्री निर्मल कुमार अग्रवाल लाई, संस्थापना काल देखि हालसम्म संचालक समितिमा रहि उहाँहरुले बैंकलाई प्रदान गर्नु भएको सक्रिय सहयोग र अमूल्य योगदानका लागि ब्यक्तिगत, संचालक साथीहरु र शेयरधनीहरुका तर्फबाट धन्यवाद ज्ञापन गर्नु भयो । साथै संचालक समितिमा सहभागी हुने नव निर्वाचित सर्वसाधारण शेयरधनीहरुका तर्फबाट निर्वाचित हुनु भएका संचालकज्यूहरुबाट सही मार्गदर्शन एवं कृयाशिल सहयोगको अपेक्षा राख्दै नवआगन्तुक संचालकहरुको स्वागत र निवर्तमान संचालकहरुलाई वाहाँहरुले बैंकको विकाशमा पुऱ्याउनु भएको योगदानको कदर गर्दै बिदाई अभिवादन गरि दिन हुन अनुरोध गर्नु भएपछि फूलका गुच्छाहरु आदान–प्रदान गर्दै स्वागत एवम् बिदाई अभिवादन गरियो ।

१२. धन्यवाद ज्ञापन र बिर्सजन:

अन्त्यमा शेयरधनीमहानुभावहरुले आफ्नो अमूल्य समय प्रदान गरी दिनु भई बडो सौहार्दपूर्ण वातावरणमा आजको यो वार्षिक साधारणसभा एवम् निर्वाचनको कार्यक्रम सफलतापूर्वक संचालन गर्नमा सहयोग गरिदिनु भएकोमा उपस्थित शेयरधनीमहानुभावहरु, निर्वाचन अधिकृत एवम् उहाका सहयोगीहरु, एनआइडीसी क्यापिटल मार्केट्स लि., बैंक व्यवस्थापन परिवार तथा नेपाल राष्ट्रबैंकबाट पाल्नु भएका पर्यवेक्षक श्री बिनोदराज आर्चाय लाई संचालक समितिको तर्फबाट धन्यवाद ज्ञापन गर्दै सभापतिज्यूले यो तेस्रो वार्षिक साधारणसभा बिसर्जन भएको घोषणा गर्नु भयो ।

| शेयरधनीहरुको तर्फबाट | संचालकहरुको तर्फबाट | अध्यक्ष |
|---|---|---|
| लभराज जोशी | बासुदेव गोल्याण | जगदीश प्रसाद अग्रवाल |
| शेयरधनी | संचालक | सभापति |

# अनुसूची

सभाको निर्णय कमाक १० (घ) र १० (च) सग सम्बन्धित प्रबन्धपत्रको दफा ६ (५), ६ (१) र दफा ६ (१घ) मा भएको सशोधनको विवरण

| प्रबन्धपत्रको दफा ६ (५) मा हाल रहेको व्यवस्था | प्रबन्धपत्रको दफा ६ (५) मा अब हुने व्यवस्था |
|---|---|
| सार्वजनिक रुपमा बिकी गरिने शेयर कुनै एक ब्यक्तिले कम्तिमा १० (दश) थान र बढीमा १००० (एक हजार) थान सम्म खरिद गर्न सक्नेछ । त्यसरी शेयर खरिद गरेपछि बिकी, अशबण्डा, अपुताली, दामसाही वा अन्य कुनै कारणबाट पनि नामसारी वा बिभाजन गर्दा सो न्यूनतम सख्या भन्दा कम कायम हुने गरी नामसारी दाखेल, खारेज गरिने छैन् । | सस्थापक शेयरवालाहरु बाहेक अन्यको हकमा सार्वजनिक रुपमा बिकी गरिने शेयर कुनै एक ब्यक्तिले घटीमा १० (दश) थान र बढीमा चुक्ता पूँजीको २% ( दुई प्रतिशत) ले हुन आउने रकम सम्मको शेयर खरिद गर्न सक्नेछ । त्यसरी शेयर खरिद गरेपछि बिकी, अशबण्डा, अपुताली, दामसाही वा अन्य कुनै कारणबाट पनि नामसारी वा बिभाजन गर्दा सो न्यूनतम सख्या भन्दा कम कायम हुने गरी नामसारी दाखेल, खारेज गरिने छैन् । |

| प्रबन्धपत्रको दफा ६ (१) मा हाल रहेको व्यवस्था | प्रबन्धपत्रको दफा ६ (१) मा अब हुने व्यवस्था |
|---|---|
| देहायको सबै अवस्था पुरा नभए सम्म सस्थापकहरुले शेयर बिकी गर्न वा धितो बन्धक राख्न वा हस्तान्तरण गर्न सकिने छैन् । | देहायको सबै अवस्था पुरा नभए सम्म सस्थापकहरुले शेयर बिकी गर्न वा हस्तान्तरण गर्न सकिने छैन |

| प्रबन्धपत्रको दफा ६ (१घ) मा हाल रहेको व्यवस्था | प्रबन्धपत्रको दफा ६ (१घ) मा अब हुने व्यवस्था |
|---|---|
| राष्ट्रबैकको स्विकृति नभएको | हटाउने |